# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
### डीनको कार्यालय, बल्खु, काठमाडौं ।

**मितिः २०८०/०३/०४**

**स्नातकोत्तर (MA) तह पहिलो र तेस्रो सेमेस्टर तथा अधिस्नातक(PGD) तह पहिलो सेमेस्टरको सत्रान्त परीक्षाका निमित्त अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तहको शैक्षिक वर्ष २०२२ का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१८ सम्म) का आंशिक परीक्षार्थीहरूको **पहिलो सेमेस्टर** र शैक्षिक वर्ष २०२१ का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१९ सम्म) का आंशिक परीक्षार्थीहरूको **तेस्रो सेमेस्टर** तथा अधिस्नातक (PGD) तह पहिलो सेमेस्टरको सत्रान्त परीक्षा २०८० साल साउनको दोस्रो हप्ता पश्चात् सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८० साल असार २१ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत केन्द्रीय विभाग/विभाग/कार्यक्रमको नाम उल्लेख गरी यस सङ्कायको वेवसाइट https://fohss.tu.edu.np मार्फत उल्लेखित निर्देशनअनुसार अनलाइन परीक्षा फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन ।

- **परीक्षा फाराम भर्ने समयावधि** :मिति २०८० साल असार ०४ गतेदेखि २१ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८० साल असार २८ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा फाराम दस्तुर : स्नातकोत्तर तहका** नियमित **तथा आंशिक** परीक्षार्थीहरूका लागि रू. १,५००/- र आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर (MA) तथा अधिस्नातक (PGD) तहका परीक्षार्थीहरूका लागि रू. २,५००/- ( विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत फाराम दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ) ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्नेछ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- सम्बन्धित विभाग/क्याम्पस तथा कार्यक्रमहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत अनिवार्य रुपमा भर्नु पर्नेछ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र -अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।
- सम्बन्धित विभाग/क्याम्पस तथा कार्यक्रमहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरुले भरेका अनलाइन परीक्षा फाराम २०८० साल असार २९ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ । विद्यार्थीहरुले भरेका र क्याम्पस/विभागहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित विभाग/क्याम्पस तथा कार्यक्रमहरूको पत्र सहित सेवा शुल्क बुझाएको रसिद र विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) २०८० साल असार ३१ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८० साल साउन ०७ गतेदेखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://fohss.tu.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

**सहायक डीन**